म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक ३३२ आइतबार, २९ असार २०८२ ने. सं. ११४५ दिल्लागा 13 July 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ईन्द्रसरोवरमा डुबेर कलैयाका गुप्ताको मृत्यु

हेटौंडा, २८ असार/मकवानपुरको ईन्द्रसरोबरमा डुबेर बेपत्ता भएका एक किशोर मृतअवस्थामा भेटिएका छन् । शनिबार साँझ डुबेर बेपत्ता भएका बाराको कलैया उपमहानगरपालिका-१ का कर्ण भनिने प्रणय गुप्ता मृतअवस्थामा भेटिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक (डीएसपी) श्यामु अर्यालले जानकारी दिए । प्रहरी नायवउपरीक्षक अर्यालका अनुसार, नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले किशोरको शव डुबेको स्थानकै गहिरो सतहमा फेला पारेको हो । शव फेलापरेपछि तत्कालै बाहिर निकालिएको र आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको छ । मृतक किशोर युनाइटेड कलेज ललितपुरमा कक्षा १२ मा अध्ययनरत थिए । उनी सोही कलेजको होस्टेलमा बस्दै आएका थिए र हाल साथीको डेरामा आएका थिए । उनी काठमाडौंको माइतीघरबाट साथीहरुसँग घुम्न ईन्द्रसरोवर आएका थिए भन्ने बुझिएको प्रहरी नायवउपरीक्षक अर्यालले बताए । घटनाबारे थप अनुसन्धान भइरहेको जनाइएको छ ।

# हेटौंडा उपमहानगरपालिकाको बजेट पारित

## साउन १ गतेदेखि खर्च गर्ने बाटो खुल्यो

साझाकुरा संवाददाता

हेटौंडा, २८ असार/ हेटौंडा उपमहानगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट नगरसभाको अधिवेशनबाट पारित भएको छ ।

१७ औं नगरअधिवशेनको दोश्रो बैठकले आगामी आर्थिक वर्षका लागि दुई अर्ब ९० लाख तीन हजार रुपैयाँ बराबरको बजेट पारित गरेको हो । असार १० गते बसेको उपमहानगरको नगरसभाको १७ औं अधिवेशनमा उपप्रमुख राजेश बानियाँले चालु आर्थिक वर्षको बजेटभन्दा वृद्धि गर्दै बजेट प्रस्तुत गरेका थिए । उपमहानगरको चालु आवको बजेट दुई अर्ब ४३ करोड ८० लाख रुपैयाँ रहेको थियो । हेटौंडा उपमहानगरप्रवक्ता सविन न्यौपानेले अधिवेशनले आर्थिक विधेयक र विनियोजन विद्येयक पारित गरेको जानकारी दिएका छन् ।




आगामी आर्थिक वर्षको बजेटको खर्च बेहोर्ने स्रोततर्फ आन्तरिक आयबाट ६२ करोड ७६ लाख ८० हजार रुपैयाँ, राजस्व बाँडफाँटबाट ९२ करोड ७० लाख ५५ हजार रुपैयाँ र बाँकी संघ र प्रदेशबाट अनुदान प्राप्त हुने अनुमान गरिएको छ । नगर विकास कोषको ऋणबाट तीन करोड ६० लाख रुपैयाँ स्रोत व्यवस्थापन गर्ने बजेटमा व्यवस्था गरिएको छ । आगामी आवका लागि कार्यसञ्चालन तथा प्रशासनिक खर्च व्यवस्थापनका लागि ५९ करोड ६५ लाख ९० हजार र सुशासन तथा संस्थागत विकासतर्फ तीन करोड ८९ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ ।

बजेट पारित भएसँगै आगामी साउन १ गतेबाट उपमहानगरलाई खर्च गर्ने बाटो खुलेको छ । आगामी आर्थिक वर्षको लागि उपमहानगरले हेटौंडा-१० मा निर्माणाधीन एकीकृत बसपार्क तथा टर्मिनल भवन निर्माणको लागि ४ करोड बजेट विनियोजन गरेको छ । पदमपोखरीमा मुख्य सडक विस्तार, बृहत खानेपानी, चक्रपथ सडक लगायत योजनाका लागि ७ करोड बजेट विनियोजन गरिएको छ । उज्यालो सहर कार्यक्रमअन्तर्गत स्ट्रिट लाइट जडानको लागि ४० लाख, तामाङ संग्रहालय निर्माणको लागि ४० लाख र नेवा संग्रहालय निर्माणको सुरुवात गर्न २० लाख बजेट विनियोजन भएको छ ।

महिलामैत्री सहर, लुमन्ती परियोजना, विन परियोजना लगायत साझेदारीमा सञ्चालन हुने योजनाको लागि उपमहानगरले १ करोड बजेट विनियोजन गरेको छ । त्यसैगरी हेटौंडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयमा मेघा विद्यालय पूर्वाधार निर्माणका लागि विद्यालयको ५० प्रतिशत लागत साझेदारीमा निर्माणकार्य सुरुवात गर्न ५० लाख बजेट विनियोजन गरिएको छ । हेटौंडा उपमहानगरपालिकाले आगामी आर्थिक वर्षदेखि 'घुमौ हेटौंडा चिनौ हेटौंडा' भन्ने नारा सहित आन्तरिक पर्यटन प्रवर्द्धनका लागि होटल एशोसियसन मकवानपुरसँगको सहकार्यमा सिटी टुर कार्यक्रमको थालनी गरिने भएको छ ।

तामाङ र नेवा भाषाको प्रवर्द्धन गर्न स्थानीय पाठ्यक्रमका रुपमा विद्यालय तहमा पठनपाठनका लागि आवश्यक व्यवस्था मिलाइने भएको छ । दक्षिण एसियाको पहिलो मानवनिर्मित चुरियामाई सुरुङको पर्यटकीय सम्भावना अभिवृद्धि गर्न संघ र प्रदेश सरकारको समन्वय एवम् सहकार्यमा प्रवर्धनात्मक कार्य गरिने भएको छ । त्यसैगरी 'मेयरसँग जनता स्वास्थ्य कार्यक्रम' अन्तर्गत ज्येष्ठनागरिक, अपाङ्ग तथा एकल महिला/पुरुषलाई प्राथमिकतामा राखी समुदायस्तरमा कार्यक्रम सञ्चालन गर्ने नीति उपमहानगरको रहेको छ ।

उपमहानगरले आफ्नो नीति तथा कार्यक्रममा तेस्रो सन्तान जन्मलाई प्रोत्साहनको नीति अवलम्बन गरेको छ । तेस्रो सन्तान जन्मलाई प्रोत्साहन गर्न कोष खडा गरी आवश्यक कार्यक्रम सञ्चालन गरिने भएको छ । नगरक्षेत्रमा उत्सर्जन हुने फोहोरमैलाको दिगो व्यवस्थापन गर्न सार्वजनिक निजी साझेदारी अवधारणामा फोहोर व्यवस्थापन कार्यलाई उपमहानगरले निरन्तरता दिने भएको छ । डिजिटल सिटीको अवधारणालाई अघि बढाउने नीति उपमहानगर पालिकाको रहेको छ ।

# पछिल्लो ३ वर्षयता बागमती सरकारको बजेट खर्चमा सुधार





साझाकुरा संवाददाता


हेटौंडा, २८ असार/ बागमती प्रदेश सरकारको बजेटखर्च पछिल्लो ३ वर्षयता सुधार भएको देखिएको छ । प्रदेश लेखानियन्त्रक कार्यालय हेटौंडाको तथ्यांकअनुसार चालु आर्थिक वर्ष २०८१/८२ मा प्रदेश सरकारले ७४ दशमलब ५ प्रतिशत बजेटखर्च गरेको छ, जुन पछिल्लो ३ वर्षयताकै उच्च हो ।

चालु आर्थिक वर्षको लागि प्रदेश सरकारले कुल ६४ अर्ब ५४ करोड रुपैयाँ विनियोजन गरको थियो । असारमसान्तसम्म ४७ अर्ब ७९ करोड रुपैयाँ खर्च गरेको छ । आर्थिक वर्ष २०८०/८१ मा भने बजेटखर्च अघिल्लो आर्थिक वर्षको तुलनामा ७ प्रतिशतले बृद्धि भएको थियो । सो वर्ष ६२ अर्ब ७० करोड ९१ लाख बजेट ल्याएको प्रदेश सरकारले ६९ प्रतिशत अर्थात् ४४ अर्ब ५५ करोड ३३ लाख रुपैंयाँ बजेटखर्च गरेको हो । त्यसैगरी आर्थिक वर्ष २०७९/८० मा ६६ दशमलब ०६ प्रतिशत बजेट खर्च भएको थियो । प्रदेशको कुल विनियोजित ७० अर्ब ३३ करोड ३३ लाख बजेटमध्ये ४६ अर्ब ६६ करोड २० लाख रुपैयाँ मात्र खर्च भएको थियो ।

अघिल्लो आर्थिक वर्षको तुलनामा सो वर्ष खर्च प्रतिशत २३ दशमलब १४ प्रतिशतले वृद्धि भएको थियो । चालु आर्थिक वर्षमा पनि प्रदेश सरकारको चालुतर्फको खर्च बढेको र पुँजीगततर्फ घटेको छ । चालु आर्थिक वर्षमा चालुतर्फको खर्चमा १० प्रतिशतले वृद्धि हुँदा पुँजीगत खर्च ० दशमलब ९६ प्रतिशतले घटेको छ । लेखा नियन्त्रकको कार्यालयका अनुसार आर्थिक वर्ष २०७९/८० मा चालुतर्फको बजेटखर्च ६७ प्रतिशत भएको थियो भने पुँजीगत खर्च ६७ दशमलब ७७ प्रतिशत थियो । आर्थिक वर्ष २०८०/८१ मा चालुखर्च घटेर ६० दशमलब ७५ प्रतिशतमा सीमित हुँदा पुँजीगत खर्च ७९ दशमलब ४६ प्रतिशत पुगेको थियो ।

२०८१/८२ मा चालुखर्च तीव्रवृद्धि भएर ७१ दशमलब ५० प्रतिशत पुगेको छ भने पुँजीगत खर्च ७८ दशलब ५० प्रतिशतमा खुम्चिएको छ । चालु आर्थिक वर्षमा प्रदेश सरकारका संरचना वृद्धि भएका छन् । प्रदेश सरकारले नयाँ एक मन्त्रालयसहित विभिन्न निकायका कार्यालय र प्रशासनिक संरचना निर्माण गरेर कर्मचारी तथा पदाधिकारी खर्च गर्दा चालु खर्चमा वृद्धि भएको हो ।



साझाकुरा

## हाम्रो कुरा

# राक्सिराङकै नमूना कार्य: चेपाङ संग्रहालय

मकवानपुरको बिकट मानिने राक्सिराङ गाउँपालिकाले नमूनाको काम गरेको छ । आफ्नो पालिकामा बसोबास गर्ने नागरिकको सम्मानमा नमूनाको काम गरेको हो । गाउँपालिकाको लगानीमा निर्माण भइरहेको राष्ट्रिय चेपाङ संग्रहालयको निर्माणकार्य अन्तिमचरणमा पुगेको छ । सीमान्तकृत चेपाङ जातिको जीवनशैलीलाई जीवन्त बनाइराख्नका लागि गाउँपालिकाले संग्रहालय निर्माण गरेको हो । भवन निर्माण सम्पन्न भएलगत्तै चेपाङ समुदायसँग समन्वय गरी राष्ट्रिय संग्रहालयकारुपमा सञ्चालन गर्ने तयारी रहेको गाउँपालिकाले जनाएको छ । यसअघि तत्कालीन जिल्ला विकास समितिको सहयोगमा राक्सिराङको चैनपुरमा २०६७ सालदेखि चेपाङ संग्रहालय स्थापना गरिएको थियो । थोरै लगानीमा गरिएको कामको रेखदेख प्रभावकारी भएको थिएन ।

संग्रहालयमा चेपाङ समुदायले प्रयोग गर्ने एकपाखे ढ्यांग्रो, चमेरो मारेर हाल्ने थुन्से, चमेरो मार्ने गुलेली, खोरिया खन्दा प्रयोग गर्ने कुटोकोदालो, हलो, वन्यजन्तुको सिकार खेल्दा प्रयोग गर्ने हतियार, चिउरीको घिउ राख्ने भाँडोलगायत उनीहरुको जीवनशैली र पहिचानसँग जोडिएका सामग्री राखिएका थिए । पाँच करोड ३१ लाख २२ हजार ९ सय ५६ रुपैयाँ लागत अनुमान गरी २०७८ साल असार १७ गते भवन निर्माणका लागि टेन्डर आह्वान गरी गाउँपालिकाले चेपाङ संग्रहालयको काम थालेको थियो । ठेक्का प्रक्रिया सुरु भएको चार वर्षपछि भवन निर्माणको काम सम्पन्न हुन लागेको गाउँपालिकाले बताएको छ । ठेक्केदार कम्पनी बानियाँ सुन्दर जेभीले तीन करोड ६९ लाख सात हजार ९४ रुपैयाँमा ठेक्का सकार गरी भवन निर्माण थालेकामा चालु आर्थिक वर्षको असार मसान्तमा काम सम्पन्न हुने गरी काम भएको छ । भवन निर्माणकार्य सकिएपछि चेपाङ संग्रहालय स्थापनाका लागि चेपाङ जातिका लोप हुँदै गएका परम्परा, जीवनशैली र दैनिक जीविकोपार्जनका लागि उपयोग गरेका सामग्री राखिने गाउँपालिकाले जनाएको छ । संग्रहालयलाई 'हेर्ने, खाने र लाने' मोडलमा विकास गर्न लागिएको छ । चेपाङका जाबी, एकपाखे ढ्यांग्रो, माछामार्ने जाल, जंगली जनावरको शिकार गर्दा प्रयोग गरिने हतियार लगायत सामग्री हेर्नका लागि राखिने छ । त्यसैगरी चेपाङ समुदायले बाँच्नका लागि उपभोग गरेका गिठ्ठा, भ्याकुर, तरुललगायत खानेकुरासमेत राखेर र स्टुरेन्ट सञ्चालन गर्ने गरी कार्यविधि निर्माण गरी संग्रहालय व्यवस्थित गरिने गाउँपालिकाले जनाएको छ । त्यसका अलावा चेपाङद्वारा उत्पादित सामग्री र खाद्यान्न बिक्री कक्षसमेत सञ्चालन गरी संग्रहालयलाई 'हेर्ने, खाने र लाने' मोडलमा विकास गर्न लागिएको छ । राक्सिराङलाई चेपाङ समुदायको बारेमा जान्ने, अध्ययन गर्ने र बुझ्ने स्रोतकेन्द्रकारुपमा विकास गर्न लागेको गाउँपालिकाले जनाएको छ । चेपाङसँग सम्बन्धित कैयौँ अध्ययन र अनुसन्धान गर्न बाँकी छ ।

मकवानपुर, चितवन, धादिङ, गोरखा, तनहुँ र लमजुङमा विशेष गरी चेपाङ समुदायको बसोवास रहेको छ । आन्तरिक पर्यटकका लागि चेपाङ संस्कृतिबारे जानकारी गराउने र अर्गानिक बस्तु कोसेलीकारुपमा लिएर जानसक्ने गरी संग्रहालय संचालनमा ल्याइने योजना रहेको छ । बिगतमा चेपाङ विकास कार्यक्रमअर्न्तगत संग्रहालयको सुरुवात गरिएको भएपनि मुलुक संघीयतामा गएपछि स्थानीय सरकारको जिम्मेवारीमा आएको हो । २०७८ साउनबाट निर्माण सुरु भएको संग्रहालय भवन कलात्मक रहेको छ । चेपाङ समुदायले जंगलमा पाइने कन्दमूल र खोलाको माछा मारेर दैनिक जीवनयापन गर्दै आएका छन् । जनगणना २०७८ अनुसार देशभर चेपाङको जनसंख्या ८४ हजार ३६८ जनसंख्या रहेको चेपाङ समुदायको मुख्य बसोबास भने चितवन, धादिङ, मकवानपुर र गोर्खा हो । पछिल्ला वर्षहरुमा अधिकांश चेपाङ समुदायले आफ्नो मौलिक र परम्परागत धर्म परिवर्तन गरी क्रिश्चियन धर्ममा लागेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ असार ३० गते सोमबार १४ जुलाई २०२५ । चतुर्थी, साउन कृष्णपक्ष । दिल्लागा ११४५ ने.सं. । सूर्योदय ५:१८, सूर्यास्त ७:०० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : परीक्षामा सफलता मिल्नेछ | **तुला** | : धर्मकर्ममा मन जानेछ |
| **वृष** | : पढाइमा रुचि बढ्नेछ | **वृश्चिक** | : नयाँ मित्रसँग भेटघाट हुनेछ |
| **मिथुन** | : रिसलाई नियन्त्रण गर्नुपर्नेछ | **धनु** | : अधुरो काम बन्ने सम्भावना छ |
| **कर्कट** | : शुभ समाचार मिल्नेछ | **मकर** | : मित्रहरुबाट सहयोग हुनेछ |
| **सिंह** | : भाग्योदयको योग छ | **कुम्भ** | : आफन्तबाट विरोध हुनेछ |
| **कन्या** | : सहयोगी हातहरु बढ्नेछ | **मीन** | : पेसाबाट घाटा देखिन्छ |

# प्रतिष्ठाको दौडमा हरायो बालापन



✍ पुरुषोत्तम पोखरेल

२०८१ सालको एसईई परीक्षाफल सार्वजनिक भएपछि अभिभावकहरूले सामाजिक सञ्जालमा आफ्ना सन्तानलाई उच्च अंक ल्याएकोमा खुशी व्यक्त गरे । लेखले वर्तमान शिक्षा प्रणालीमा प्रतिस्पर्धात्मक दबाब, मानसिक स्वास्थ्य समस्या र बालअधिकार उल्लैनका विषयमा चिन्ता व्यक्त गरेको छ । नेपाल सरकारले शिक्षा प्रणालीमा सुधार गर्दै बालबालिकाको सर्वोत्तम हित सुनिश्चित गर्न जीवन सीप, कला, खेलकुद र सामाजिक मूल्यहरू समावेश गर्नुपर्ने सुझाव दिइएको छ ।

२०८१ सालको एसईई परीक्षाफल सार्वजनिक भएपछि विगतका वर्षमा झैं यस वर्ष पनि सामाजिक सञ्जालहरू उत्सवको मञ्च बन्न पुगे । आफ्ना सन्तानले उच्च अंक ल्याएको खुशीमा हरेकजसो अभिभावकले सामाजिक सञ्जाल रङ्ग्याएका थिए । बधाईको ओइरो र खुशी साटासाटको नयाँ माहोलका दृश्य हेर्दा लाग्छ- शिक्षा जीवनमार्ग होइन, प्रतिस्पर्धा जित्ने खेलमैदान बन्न पुगेको छ । ती अबोध बालबालिकाको स्कूल भर्नाकालदेखि एसईई नसकुन्जेलसम्म अधिकांश बालबालिका मानसिक, शारीरिक र भावनात्मक रूपले सास्ती खेप्दैछन् । तर, बालअधिकार मिचिएका ती सन्तानहरूबाट समाजमा नाम, प्रतिष्ठा र पुरस्कार कमाउने होडबाजीमा अभिभावक लाग्नु न्यायसंगत हो त ? लेख यसैमा केन्द्रित रहनेछ ।

**बालापनको हरण**

बाल्यकाल मानिस जीवनको आधार शिला हो । जसले व्यक्ति निर्माणमा गहिरो प्रभाव पार्छ । यो अवस्थामा बच्चाहरुमा शारीरिक वृद्धि विकाससँगै संसार बुझ्ने तीव्र इच्छा पलाएको हुन्छ । किन र कसरी जस्ता प्रश्न बारम्बार दोहोऱ्याउने गर्छन् । यो अवस्थामा उनीहरू अरूको आचरणको अनुकरण गर्ने भएकोले उनीहरूलाई अभिभावक परिवार र आफन्तको संरक्षण र वात्सल्यता अत्यन्तै आवश्यक पर्छ । तर, हिजोआज अवस्था फेरिएको छ ।

हिजोआज बाल्यकाल एक किसिमले अपहरणमा परेको प्रतीत हुन्छ । बच्चा जन्मेको तीन वर्षभित्रै स्कूल भर्ना, किताबको बोझ, होमवर्क, टेस्ट, ट्यूसन, अंक र प्रमाणपत्रको प्रतिस्पर्धात्मक चक्रव्यूहमा फस्न थाल्छन् । बालबालिकाको स्वाभाविक प्राकृतिक विकासलाई छाडेर हामी उनीहरूलाई एउटा यान्त्रिक साँचोमा हाल्ने प्रयासमा लागिरहेका हुन्छौं । जो असफल भएमा अभिभावकको सपना चकनाचूर हुन्छ भन्ने त्रासमा रहन्छन् । उनीहरू चाहन्छन् कम समयमा बढी प्रतिफल प्राप्त गर्न सकियोस् भन्ने मानसिकताबाट गुज्रिरहेका हुन्छन् ।

**शिक्षामा प्रदर्शनको प्रवृत्ति**

शिक्षाको मूल उद्देश्य थियो व्यक्तिको सर्वाङ्गीण विकास, विवेक विस्तार, समाजप्रतिको दायित्व र जीवनोपयोगी ज्ञान । अफशोच ! ती उद्देश्यहरू अब ओझेलमा पर्दै गएका छन् । शिक्षालाई हामीले कति नम्बर ल्यायौं ? भन्ने प्रश्नमा खुम्च्याएका छौं । आफ्ना सन्तानले फोर जीपीए ल्याए त्यसलाई उत्कृष्ट अभिभावकत्वको तक्मा भिराइदिन्छौं । यस्तो सोच र चिन्तनले बालबालिकालाई 'मूल्यमा' होइन उपलब्धिमा मात्र तौलन सिकाएको हुन्छ ।

**अभिभावकको घोडादौड**

बालबालिकाको पढाइमा ध्यान दिनु राम्रो हो, तर अहिलेको स्थितिमा हामी आफ्ना सन्तानलाई आफ्ना अधुरा सपना पूरा गर्ने र समाजबाट प्रतिष्ठा आर्जन गर्ने माध्यम बनाइरहेका हुन्छौं । मेरा छोराछोरी डाक्टर-इन्जिनियर नबने त के काम ? भन्ने चिन्तनले बालबालिकाको स्वतन्त्रता, रुचि र आत्मसम्मानलाई कुल्चिरहेका हुन्छौं । धेरै स्कूले केटाकेटीहरू आफ्नो रुचि र खुशी बिर्सेर अभिभावकको आकांक्षा पूरा गर्ने दौडमा हुन्छन् । यो ठीक त्यस्तै हो, जसरी घोडादौडमा इनाम जित्न घोडसवारले चाबुक हानेर कुदाउँछ । स्मरणरहोस् ! घोडाले आफ्ना मालिकलाई खुशी पार्न दौडिएको होइन, ऊ त केवल चाबुकको पीडाले कुदेको हो ।

अचेल हाम्रा बालबालिकाको अवस्था पनि यस्तै भयावह बन्न थालेको छ । यहाँ कसैका सन्तानलाई घोडा या अभिभावकलाई मालिक बनाएर दृष्टान्त देखाउन खोजिएको त होइन । तर, हाम्रो शिक्षा नीति र प्रणालीमा रहेको कमजोरीका कारण उत्पन्न परिणामतर्फ इङ्गित गर्न खोजिएको हो । यसले शिक्षाको नाममा भइरहेको व्यवसायीकरण र समाजमा हुर्कंदो गलत प्रवृत्तिलाई पनि इङ्गित गर्न खोजिएको मात्र हो । हामीले खोजेको शिक्षा केवल किताबी नबनोस्, बरु आनीबानी, बौद्धिकता र व्यवहारमा देखिने शिक्षा होस् भन्न खोजिएको हो ।

**शिक्षा प्रणालीको त्रुटि**

हाम्रो पाठ्यक्रम सिर्जनात्मक छैन, बरु परीक्षाकेद्रित छ । जसका कारण बालबालिका रट्न बाध्य छन् । बालबालिकाको उमेर अनुसारको उत्सुकता, खेल, सृजनात्मक र जिज्ञासालाई सम्बोधन गर्न सकेको छैन । बालशिक्षा रटाइभन्दा रमाइलो र सृजनात्मक क्रियाकलाप उन्मुख सिकाइ हुनुपर्छ । बालबालिकालाई बालमैत्री सिकाइ वातावरण सृजना गर्न अत्यन्तै जरूरी हुन्छ । तर, समावेशी जीवनोपयोगी व्यावसायिक वा सृजनशील शिक्षाको कुरा भाषणमै सीमित छ । बालमैत्री सिकाइ वातावरण तयार पार्ने भनिए पनि व्यवहारमा उत्तीर्ण/अनुत्तीर्णको धारिलो विभाजन अझै कायमै छ ।

शिक्षक, विद्यालय, परीक्षा बोर्ड र शिक्षा मन्त्रालय सबै अंकका आधारमा सफलता नाप्न अभ्यस्त छन् । यस्तो प्रणालीले समावेशिता, विविधता र सृजनशीलता हराउँदै गएको छ । यसैगरी, निजी विद्यालय र सार्वजनिक विद्यालय बीचको गहिरो खाडलले शैक्षिक क्षेत्रमा विभेद बढाउँदै लगेको छ । निजी विद्यालयमा पढ्ने सन्तानले राम्रो अंग्रेजी, सुविधा र अवसर पाइरहेका छन् भने ग्रामीण भेगका कतिपय सरकारी स्कूलहरूमा खस्कँदो एसईई नतिजाले विद्यार्थीमा नैराश्यतालाई बढाएको छ ।

अझै पनि ग्रामीण क्षेत्रका सरकारी स्कूलका बालबालिका आधारभूत पठनपाठन क्षमता नपाई ग्रेडमा मूल्यांकन भइरहेका छन् । यस्तो विषमताले दीर्घकालीन रूपमा सामाजिक असमानतालाई जन्माउने पक्का छ । यसरी पूँजी र लगानीमा आधारित शिक्षा नीतिले यो देशमा पास र फेल, धनी र गरिब, नागरिक र रैती उत्पादन गर्ने विभेदलाई बढाएको छ भन्दा शायद अतिशयोक्ति नहोला ।

**संस्कारविहीन सिकाइ**

शिक्षामा कति जानियो ? भन्दा पनि शिक्षाले चरित्र निर्माण गर्न कति सघायो भन्ने हेरिनुपर्छ । शिक्षाले संस्कार निर्माण गरोस्, त्यसले जीवन सहज बनाओस् र देश निर्माणमा नागरिकलाई अग्रसर पारोस् । अफसोच ! शिक्षा संस्कारविहीन र जीवनविमुख बन्दै गएको छ । बालबालिकाले अंकको परीक्षा पास त गर्छन् तर जीवनको परीक्षा पास गर्न सक्दैनन् । उनीहरूसँग अंक हुन्छ, तर आत्मविश्वास हुँदैन । डिग्री हुन्छ, तर जीवन चल्दैन । हामीले शैक्षिक प्रमाणपत्रको मूल्य त राख्यौं तर मानवता, नैतिकता, करूणा, सहिष्णुता, चरित्रनिर्माण, श्रमको सम्मान, प्रकृतिप्रतिको प्रेम, ज्येष्ठ नागरिकप्रतिको सम्मान, संस्कृति, परम्परा जस्ता मूल्यहरू उपेक्षित बनाएका हुन्छौं ।

**बालश्रम र पढाइ**

अझै पनि हाम्रा थुप्रै बालबालिका श्रममा संलग्न छन् । एकातिर बालबालिका अनावश्यक प्रतिस्पर्धाको चपेटामा छन्, भने अर्कोतिर कोही पढ्न नपाएर ग्यारेज, होटल, रेस्टुरेन्ट तथा घरेलु कामदारको रूपमा तथा गाउँघरमा आर्थिक अवस्थाको कारण गाईवस्तु, भेडाबाखा चराएर पेट पाल्न विवश रहेका बालबालिका अझै पनि शिक्षाको उज्यालो घामबाट वञ्चित रहनुपरेको यथार्थलाई बिर्सन सकिन्न । त्यसैले शिक्षामा समावेशी पहुँच नहुँदासम्म शैक्षिक समानताको सुगारटाइको तुक देखिँदैन ।

**मानसिक स्वास्थ्य र दबाब**

शैक्षिक दबाबका कारण अहिले बालबालिकामा डिप्रेशन, आत्मग्लानि, त्रास, तनाव र आत्महत्यासम्मका घटना देख्न थालिएका छन । धेरै केटाकेटी पढाइको नाममा निद्रा गुमाउँछन्, साथी बनाउँदैनन् र मेशिन झैं व्यवहार देखाउन थाल्छन् । यस्तो अवस्थामा जीवन बनाउने होइन, जीवन अलमलाउने आजको शिक्षा विश्वमा नबिक्ने खोस्टे साबित भएको छ । जबकि, शिक्षाले व्यक्ति, समाज र राष्ट्रलाई समृद्ध र सशक्त बनाउन सक्नुपर्थ्यो ।

**विकल्पको खोजी**

फिनल्यान्ड जस्तो देशहरूले बालमैत्री, खेलमुखी, परीक्षणविहीन, प्रारम्भिक शिक्षा अपनाएका छन् । त्यहाँका विद्यार्थीहरू ७ वर्षपछि मात्र विद्यालय जान्छन्, होमवर्क छैन, प्रतिस्पर्धामा होइन, सहकार्यमा आधारित शिक्षा हुन्छ । त्यसको परिणामस्वरूप उनीहरू सन्तुलित, आत्मविश्वासी र सृजनशील व्यक्तित्व विकास गर्न सफल भएका छन् । हामी नेपालीले पनि शिक्षानीतिमा संरचनागत सुधार गरेर सृजनशील एवं स्वावलम्बी बन्न सक्नुपर्छ ।

प्रत्येक अभिभावकले आफ्ना सन्तानलाई प्रतिस्पर्धाको आधारमा नभई आफ्नै माटो र हावापानी सुहाउँदो शिक्षामा जोड दिनुपर्छ, जसले आफ्ना प्वाँख फैलाएर उडान भर्न सक्षम बनाओस् । उनीहरूको रुचि, क्षमता र स्वाभाविक विकासलाई सम्मान गर्दै विद्यालयले पनि सिकाइ ज्ञान सामूहिकता, सहकार्य र संस्कारयुक्त पाठ्यक्रममा जोड दिन सक्नुपर्छ । नेपाल सरकारले पनि शिक्षा प्रणालीको पुनरावलोकन गर्दै बालबालिकाको सर्वोत्तम हित सुनिश्चित गर्न शिक्षामा मानसिक स्वास्थ्य, जीवन सीप, कला, खेलकुद र सामाजिक मूल्यहरूलाई अनिवार्य रूपमा समावेशी गरिनुपर्छ । तब मात्र समाजले परीक्षा पासभन्दा बढी 'मान्छे बनेको छ कि छैन' भन्ने प्रश्न उठाउन सक्नुपर्छ ।

**अब के गर्ने ?**

शिक्षा जीवन बाँच्न सिकाउने माध्यम हो, दौड जित्ने कुनै खेल होइन । हामीले आफ्ना सन्तानलाई घोडा दौडमा उभ्याएर पुरस्कार जित्ने या समाजमा प्रतिष्ठा बढाउन बाध्य पार्नुहुँदैन । हामीले सोच्नुपर्छ- सन्तानले विद्यालयमा प्रथम ल्याउँदा हामी किन खुशी हुन्छौं ? के विद्यार्थी स्वयं खुशी छ ? ऊ आफैं थकित त छैन ? यस्ता तमाम प्रश्नहरूप्रति हामीले पुन: घोत्लिन जरूरी छ । यदि साँच्चै हामी आफ्ना सन्तानलाई संस्कारयुक्त असल मान्छे बनाउन चाहन्छौं भने हामीले उनीहरूमा स्वतन्त्र, संवेदनशील र विवेकशील मान्छे बन्ने बाटो खोल्नुपर्छ । शिक्षाको यो घोडादौड अब रोकिनुपर्छ । चाबुक होइन, करूणा चलाऔं । दबाब होइन, प्रेरणा दिऔं । प्रमाणपत्र होइन, जीवन र संस्कार बाँडौं । अझ सारमा भन्नुपर्दा शिक्षा यस्तो होस् जसले बाल अधिकारको ख्याल राखोस्, मुटुमा संस्कार रोपोस् र हातमा कला-सीप जन्माओस् । तब मात्र शिक्षाले अन्धकार मेटाउने उद्गार प्रमाणित हुन सक्छ ।

*(साभार: अनलाइनखबर)*

# तीव्र दबाबका बीच रहेन 'कुलिङ अफ पिरियड'

✍ श्यामप्रसाद मैनाली

संघीय निजामती सेवा विधेयक असार १५ गते प्रतिनिधिसभाबाट पारित भएछ । सञ्चार माध्यमहरूले पारित भएको समाचार सम्प्रेषण गर्दै गए । कतै न कतै यसमा साजिस भएको आशंका र चर्चा-परिचर्चा हुन थाल्यो । यस विधेयकमा सबैभन्दा ठूलो असहज अवस्था कुलिङ अफ पिरियडले पारेको थियो । कुलिङ अफ पिरियड कडाइका साथ पारित गरिएको समाचार सुन्दा सकारात्मकरूपमा लिइयो । किनकि यो आवश्यक थियो ।

तर यो खुशी धेरै समय अड्न सकेन । कुलिङ अफ पिरियडको प्रचारबाजी मिथ्या साबित भयो । संसद्को राज्य व्यवस्था समितिको सर्वसम्मत निर्णयमा अवकाश भएको दुई वर्षसम्म कुनै पनि सरकारी कर्मचारीले सार्वजनिक पदमा नियुक्ति नपाउने स्पष्ट व्यवस्था थियो । ठूलो दबाबका बाबजुद यो व्यवस्था पारित गर्न सकेकोमा राज्य व्यवस्था समितिले यसको जश पाइराखेको थियो । तर समितिले यसको अन्तिम प्रतिवेदन तयार पार्ने काम सभापति र सचिवलाई प्रदान गरेछ । सचिव र सभापतिले तयार पारेको अन्तिम मस्यौदा अध्ययन गरी त्यसलाई औपचारिक रुपमा स्वीकृत गर्न जाँगर पनि देखाएनन् । सभापतिले अन्तिम मस्यौदा समितिमा पेस गरेर स्पष्ट गराउन पनि चाहेनन् । यसलाई निस्तेज गराउने प्राय: शून्य अवस्थामा परिणत गर्ने गरी अन्तिम मस्यौदा तयार भएछ । त्यसमा उपदफा ५ थप गरी संवैधानिक निकायका पदहरूमा, कूटनीतिक पदहरूमा र नेपाल सरकारले नियुक्ति गर्ने पदहरूमा बाहेक भन्ने शब्दहरू राखिएछन् ।

सरकारको स्वीकृति नलिई कुनै पनि सार्वजनिक पदमा नियुक्ति नहुने भएमा उक्त पदाधिकारीको पेन्सनसमेत रोक्का गर्ने व्यवस्था भएछ । यो भनेको कुलिङ पिरियडको कुनै प्रावधान नै ऐनमा नपार्ने व्यवस्था हो । यसैमा सभापतिजी र सचिवले हस्ताक्षर गरी प्रतिनिधिसभामा अन्तिम प्रतिवेदन पेस भएछ । प्रतिनिधिसभाले पनि शीघ्र सो प्रतिवेदनलाई जस्ताको तस्तै पारित गरिदिने सौहाद्रता देखाई लोकतान्त्रिक संस्कृतिको प्रदर्शन गरेछ । यसको अर्थ स्पष्ट छ, यस ऐनमा कुलिङ पिरियडको कुनै अर्थ रहँदैन । अहिले बाहिर बजारमा आएको चर्चा-परिचर्चा यसबारेमा अत्यन्त नकारात्मक छ । यो नाटक जनताका प्रतिनिधिहरुले किन गरेका हुन् ? जनतालाई ढाँट्ने काम किन भएको होला ? प्रतिनिधिसभाका सांसदहरू र राज्य व्यवस्था समितिका सांसदहरू सबैले जनतासमक्ष यसको स्पष्टीकरणका लागि तयार रहनुपर्दछ ।

यो विषयलाई लिएर बजारमा सचेत वर्गका बीच सर्वत्र विश्लेषण भइराखेको छ । संघीय निजामती सेवा विधेयकमा व्यवस्थित हुन लागेको सबैभन्दा सुन्दर पक्ष नै यही कुलिङ अफ पिरियड हो । यो हटाउन चलखेल कसकसले गरे ? किन यो अवस्था सिर्जना भयो ? संघीय निजामती सेवा विधेयकमा के-कस्ता प्रावधानहरु राखी प्रतिनिधिसभाले पारित गरेको हो ? यसले समग्र निजामती सेवामा कस्तो प्रभाव पार्छ ? जनतालाई प्रदान गरिने सेवामा थप सहजता र प्रभावकारिताको अवस्था सिर्जना गर्न सक्छ वा सक्दैन ? यी सबै विषयमा संसद्, सरकार, सम्बन्धित मन्त्री र राज्य व्यवस्था समितिले जवाफदेहिता लिनुपर्दछ । यही विषयमा यो आलेख केन्द्रित छ ।

**पारित विधेयकमा रहेका प्रावधानहरू :**

यस विधेयक प्रतिनिधिसभाबाट पारित गर्दा विशेष गरी एक दर्जन नयाँ व्यवस्थाहरू गरिएका छन् । सर्वाधिक चासोको विषय रहेको विषय कुलिङ अफ पिरियड दुई वर्षसम्म कायम गर्ने र कर्मचारीहरूको अवकाश उमेर ६० वर्ष पुऱ्याउने हो । हाल कायम रहेको मुख्य सचिव र सचिवहरूको पदावधि १ वर्ष घटाइएको छ । निजामती सेवालाई विभिन्न श्रेणीहरू र १५ तहहरूमा कायम गरिएको छ । विशिष्ट श्रेणीको अतिरिक्त सचिव रहने नयाँ व्यवस्था पनि राखिएको छ । कर्मचारीहरूको सेवा प्रवेश उमेर ३५ र ३९ क्रमश: महिला र पुरुषहरूका लागि कायम भएको छ । खुला प्रतिस्पर्धाको हाल कायम रहेको व्यवस्थामा संशोधन गरिएको छ ।

नयाँ संशोधनमा शाखा अधिकृत स्तरमा ६० प्रतिशत, उपसचिव स्तरमा १० प्रतिशत कायम भएको छ । राजपत्रांकित प्रथम श्रेणीमा हालसम्म कायम रहेको १० प्रतिशत खुला प्रतिस्पर्धाको व्यवस्था हटाइएको छ । सरुवा प्रक्रियालाई अनुमानयोग्य बनाई एक वर्षमा मात्र कर्मचारीहरूको सरुवा हुने व्यवस्था छ । यस्तो सरुवा गर्दा क श्रेणीमा वा दुर्गममा काम गरेको कर्मचारीलाई सुगम क्षेत्रमा अनिवार्यरुपमा ल्याइने व्यवस्था छ । आरक्षणको व्यवस्थामा संशोधन गर्दै राजपत्र अनंकित र राजपत्रांकित तहमा एक व्यक्तिले एकपटक मात्र अवसर पाउने स्पष्ट पारिएको छ । प्रदेश सरकारका र स्थानीय तहका प्रमुख सचिव, सचिव र प्रमुख कार्यकारी अधिकृत १० वर्षसम्म संघीय निजामती सेवाबाटै पठाइनेछ । तत्पश्चात् मात्र प्रदेश र स्थानीय तहहरुले यो व्यवस्था आफैं गर्न सक्छन् । कर्मचारीहरूलाई वर्षको एकपटक आन्तरिक पर्यटक बन्नका लागि बिदालगायतका सुविधाहरू दिइने व्यवस्था छ । ट्रेड युनियन सम्बन्धी प्रावधानलाई यथावत् राखिएको छ ।

**दबाब र साजिसको पराकाष्ठा :**

सर्वप्रथम कुलिङ अफ पिरियडकै बारेमा भएका नमिल्दा र जालझेलपूर्ण अवस्थाको बारेमा विश्लेषण गरौं । सरकारले २०८० साल फागुन २१ गते यो विधेयक संसद्मा पेस गरेको हो । त्यस बखत संवैधानिक र कूटनीतिक नियुक्तिमा यो व्यवस्था लागू नहुने गरी पेस भएको थियो । अन्य पदमा नेपाल सरकारको स्वीकृति नलिई अवकाश भएको मितिले दुई वर्षसम्म काम गर्न नहुने व्यवस्था थियो । जेठ २, २०८२ मा राज्य व्यवस्था उपसमितिले यसलाई सर्वसम्मतिबाट पारित गऱ्यो । यसबाट न्यायाधीश र राजदूत नियुक्तिको बाटो खोलेको थियो ।

अन्य नियुक्तिलाई रोकेर यी दुई पदहरूमा मात्र कुलिङ अफ पिरियड नलाग्ने व्यवस्था विभेदपूर्ण भएको विरोध भएपछि राज्य व्यवस्था समितिले सबैलाई समान व्यवहार गर्दै दुई वर्षको कुलिङ अफ पिरियड राख्ने व्यवस्था गरेको थियो । अब प्रतिवेदन प्रतिनिधिसभामा पेस गर्नुपर्ने परिस्थिति सिर्जना भयो । चलखेल यही विन्दुमा गरियो । मुख्यसचिव, महासचिव, सचिवहरूले कसैले मुख देखाएर त कसैले छोपेर शक्ति केन्द्रहरूमा घरदैलो गरेको दृश्यले राष्ट्रसेवक निजामती कर्मचारीहरूको शिर झुकाउने काम भयो । उनीहरूले यो प्रावधान राखेमा सामूहिक राजीनामा दिने धम्कीसम्म दिएका छन् । राजीनामा पेस गर भन्ने साहस सरकारले देखाउन सकेन । राज्य व्यवस्था समितिले यसलाई अन्तिम रुप दिन र प्रतिनिधिसभामा पेस गर्न समितिका सभापतिजीलाई अधिकार दियो ।

समितिका सभापतिले र सचिवले सही गरेको प्रतिवेदनमा कुलिङ अफिरेटका बारेमा समितिको निर्णय विपरीतको प्रतिवेदन एउटा विपरीत भन्ने सानो शब्द थप गरी सबै प्रावधानलाई प्रभावहीन बनाउने काम भयो । अब कर्मचारीहरु र सांसदहरूको बीच यस विषयलाई लिएर आरोप-प्रत्यारोप र हिलो छ्याप्ने काम भइराखेको छ । समितिका सभापतिले सामान्य प्रशासन तथा संघीय मामिलासम्बन्धी मन्त्रीलाई त्यसको जिम्मेवार बनाउन खोज्नुभएको छ । तर राज्य व्यवस्था समितिले प्रतिनिधिसभामा पेस गरेको प्रतिवेदनमा दफा ८२ मा ५ थप गरी प्रस्तुत भएको हो/होइन ? ८२, ४ र ८२, ५ मा भएका परस्पर विरोधी प्रावधानहरू समितिले नै आफ्नो प्रतिवेदनमा पारी समितिको तर्फबाट सभापतिजीले संसद्मा पेस गर्नुभएको हो/होइन ? त्यति व्यहोरा सांसदज्यूहरूले अध्ययन गर्दा हुन्छ ।

यदि राज्य व्यवस्था समितिले गरेको निर्णय विपरीत सभापतिले सही गरेको दस्तावेज रहेछ भने यसको जवाफदेही सभापति हुन्छन् । राज्य व्यवस्था समितिले गरेको निर्णय विपरीत सामान्य प्रशासनमन्त्रीले प्रस्ताव पेस गरेको हो भने यसको लागि सामान्य प्रशासनमन्त्री पूर्णरुपमा जवाफदेही हुनुपर्दछ । त्यति मात्र होइन, यस्तो संवेदनशील विषयमा सामान्य प्रशासनमन्त्रीले राज्य व्यवस्था समितिमा बसेर छलफलमा सहभागिता दिएका हुन्छन् । उच्च पदस्थ कर्मचारीहरू पनि छलफलमा सहभागी हुने प्रचलन छ । यस अर्थमा यदि राज्य व्यवस्था समितिमा भएको निर्णय विपरीत प्रतिवेदन आएको हो भने सामान्य प्रशासनमन्त्रीले पनि समितिमा एकपटक छलफल गर्नुपर्दथ्यो । यो उत्साह उहाँमा पनि देखिएन ।

सरकारमा रहेका ठूला दलहरूका शीर्षस्थहरूसँग र प्रधानमन्त्रीज्यूसँग पनि कुलिङ अफ पिरियडका बारेमा जिम्मेवारीमा रहनुभएका सांसदहरूका बीच पटक-पटक छलफल भएको समाचार आएको छ । त्यस समय शिर्षस्थ नेतृत्वमा रहनेहरू राज्य व्यवस्था समितिको निर्णय सच्याउनुपर्ने पक्षमा रहेको पनि समाचारहरू विभिन्न माध्यमबाट सम्प्रेषित भएकै हुन् ।

यो अवस्था हेर्दा राज्य व्यवस्था समितिका सभापति, उक्त समितिका सचिव, मस्यौदा तयार गर्दा र छलफलमा घनिष्ट रुपले संलग्न रहेका कर्मचारीलगायत कानुन मन्त्रालयका उच्च पदस्थहरू, प्रतिनिधिसभाका सम्पूर्ण सांसदहरूले व्यक्तिगत एवं सामूहिक रुपमा यो गलत कार्यको जिम्मेवारी लिनुपर्दछ । मुख्यसचिव र सचिवको पदको एक-एक वर्ष पदावधि घटाउने निर्णय भएको छ । तर अहिले कार्यरत सचिवहरु र मुख्यसचिवको हकमा यो व्यवस्था लागू नहुने गरिएको छ । यसको उपादेयता कहाँनेर हो ? कुनै समूहलाई कृपा गर्नको लागि ऐन निर्माण गरिनुहुन्न । सचिव र मुख्य सचिवको दबाबमा कानुन निर्माताहरुले कानुन बनाउने होइन ।

क्रमश: पृष्ठ-३....

# स्वार्थको द्वन्द्वसम्बन्धी विधेयकको मस्यौदा तयार, प्रधानमन्त्री कार्यालयले माग्यो सुझाव

काठमाडौं/सरकारले स्वार्थको द्वन्द्वसम्बन्धी विधेयकको मस्यौदा तयार पारेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले विधेयकको मस्यौदा उपर सुझावका लागि वेबसाइटमा राखेको छ ।

प्रस्तावित विधेयकमा स्वार्थको द्वन्द्वको परिभाषा गरिएको छ । सार्वजनिक पदाधिकारीले गर्ने कुनै पनि कार्यसम्पादन आफ्नो व्यक्तिगत स्वार्थसँग बाझिए स्वार्थको द्वन्द्व हुने भनिएको छ ।

सार्वजनिक पदाधिकारी अन्तर्गत राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधान न्यायाधीश, प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, सबै तहका अदालतका न्यायाधीश, सांसदहरू, मुख्यमन्त्री, मन्त्री, संवैधानिक निकायका पदाधिकारी, स्थानीय तहका निर्वाचित पदाधिकारी र कर्मचारी रहन्छन् ।

यी सार्वजनिक पदाधिकारीले कार्यसम्पादन गर्दा आफ्नो व्यक्तिगत स्वार्थसँग बाझिए स्वार्थको द्वन्द्व हुने परिभाषा प्रस्तावित छ ।




स्वार्थ बाझिएको विषयमा निर्णय गर्न नमिल्ने व्यवस्था प्रचलित ऐनमा समेत छ । तर, सरकारले यस सम्बन्धी छुट्टै ऐन नै बनाउन लागेको हो । सांसदहरूलाई समेत स्वार्थ बाझिने विषयमाथिको छलफल र निर्णय प्रक्रियामा सहभागी हुन नपाउने व्यवस्था प्रतिनिधिसभा र राष्ट्रिय सभा नियमावलीमा छ । स्वार्थ बाझिने विषयमाथिको निर्णय प्रक्रियाबाट अलग हुनुपर्ने व्यवस्थाको कार्यान्वयन प्रभावकारी नभएको भनेर प्रश्न उठ्दै आएको छ ।

स्वार्थ बाझिने विषय माथिको निर्णय प्रक्रियामा रहन नपाउने विषयलाई बाध्यकारी बनाउने गरी सरकारले छुट्टै ऐन बनाउन लागेको हो । सार्वजनिक पद धारण गर्ने व्यक्तिले आफू नियुक्त, मनोनयन वा निर्वाचित हुनासाथ आफू कार्यरत निकायमा लिखित रूपमा स्वार्थको द्वन्द्व नबाझिने भनेर स्वघोषणा गर्नुपर्ने प्रावधान पनि प्रस्तावित छ । निजी स्वार्थको विषय भएका नियुक्ति, सरुवा वा पदस्थापन भएको एक सातासम्म जानकारी गराउनुपर्ने समय नै तोकिएको छ ।

सार्वजनिक पद धारण गरेको व्यक्तिले कामको सिलसिलामा निर्णय गर्न नमिल्ने अवस्था सिर्जना भए निर्णय गर्ने अधिकारी तोक्ने प्रस्ताव प्रस्तावित विधेयकको मस्यौदामा छ । यसअनुसार मन्त्री वा मुख्य सचिवले निर्णय गर्न नमिल्दा सरकार वा मन्त्रिपरिषद्बाट निर्णय गराउन सकिने विकल्प दिइएको छ ।

संवैधानिक निकायको पदाधिकारीले स्वार्थ बाझिने भएर निणएय गर्न नमिले अन्य पदाधिकारीलाई निर्णय गर्ने अधिकार दिन सक्दछन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले वेबसाइटमा राखेको विधेयकमा प्राप्त सुझाव समेतका आधारमा आवश्यक परिमार्जन गरेर मन्त्रिपरिषद्मा लैजान्छ ।

मन्त्रिपरिषद्बाट स्वीकृत भएपछि संसद्मा दर्ता भएर अगाडि बढ्छ । दुवै सदनबाट पारित भएर राष्ट्रपतिकहाँ पुग्छ । राष्ट्रपतिले प्रमाणीकरण गरेपछि विधेयक ऐनमा रुपान्तरित भएर लागू हुन्छ ।

# तीव्र दबाबका बीच....

**कुलिङ पिरियडको उपादेयता र अन्तर्राष्ट्रिय सन्दर्भ :**

कुलिङ अफ पिरियडले नैतिकता, पारदर्शिता र जाफदेहिताको प्रवर्द्धन गर्दछ । उच्च पदस्थ कर्मचारी हरूद्वारा गरिने निर्णयबाट हुने सार्वजनिक हानि-नोक्सानीको बचाउ गर्दछ । सार्वजनिक जिम्मेवारीमा रहँदा आफैंले फाइदा दिलाएका निकायहरूमा जिम्मेवारीमा रहने प्रवृत्तिलाई निरुत्साहित गर्दछ । निश्चित अवधिसम्म यस्तो जिम्मेवारीमा लिन बन्देज लगाउँछ । अवकाश हुनुभन्दा पहिले र अवकाश भएपश्चात् कुनै निकायलाई सेवा दिने हिसाबले समझदारी गर्न निषेध गर्दछ । यसको मुख्य उद्देश्य भनेकै स्वार्थको संघर्षको अवस्थालाई नियन्त्रण गर्नु हो । यो व्यवस्था सार्वजनिक पद र निजी क्षेत्र दुवैमा लागू गरिन्छ । उन्नत देशहरुमा विशेष गरी निजी क्षेत्रमा नियुक्ति लिनको लागि कुलिङ अफ पिरियड राख्ने गरिएको छ ।

लोकतान्त्रिक देशहरुले आफ्ना क्रियाकलापहरू पारदर्शी बनाउन यसलाई अवलम्बन गरिर राखेका छन् । यसलाई रिभल्भिङ डोरको नामले सम्बोधन गरिन्छ । सरकारी सेवामा रहेर कुनै कम्पनीमा उद्योगको लामो समय नियमन गरेका, नीति निर्माण गरेका, यस्ता निजी क्षेत्रलाई प्रभावित हुने गरी पटक-पटक ठूला-ठूला निर्णयहरु लिएका व्यक्तिहरू नै त्यही निजी क्षेत्रमा जिम्मेवारी लिन पुग्ने गरेकाले स्वार्थको संघर्ष अत्यन्तै ज्यादा देखियो । निजी क्षेत्रका व्यक्तिहरू सरकारको उच्च ओहदामा पुग्दछन् । यिनीहरुलाई जिम्मेवारी प्रदान गर्नेहरूका लागि फाइदा पुऱ्याइ दिन्छन् । उनीहरू यही सर्तमा जिम्मेवारीमा रहेका हुन्छन् ।

स्वार्थको संघर्ष सरकारी संयन्त्रमा निजी क्षेत्रको प्रभाव, यिनै कारणहरूले गर्दा जनताको विश्वास गुम्ने परिस्थिति निर्माण हुन्छ । जापानको अमाकुदारीले समस्या सिर्जना गरेको छ । रिभल्भिङ डोरकै परिस्कृतरुपमा यसलाई नियन्त्रण गर्ने प्रयास गरी आएको छ । कुलिङ अफ पिरियडले प्रभाव र दबाबलाई केही हदसम्म नियन्त्रण गर्न सक्छ । सेवारत रहेका, अवकाश समय नभएका राष्ट्रसेवकहरू राजनीतिक नेतृत्वले दिएका अनावश्यक र पालना गर्न नसकिने निर्देशनहरुको अवज्ञा गर्दछन् । यसबाट उनीहरुलाई अर्को निकायमा जिम्मेवारी दिने कामसमेत राजनीतिज्ञहरुले गर्दछन् । यसलाई पनि कुलिङ अफ पिरियडले सम्बोधन गर्नुपर्दछ ।

संयुक्त राज्य अमेरिकाले उच्च पदस्थहरुलाई दुई वर्ष र अन्यलाई एक वर्ष कुलिङ अफ पिरियड लागू गरेको छ । यद्यपि रिभल्भिङ डोरबाट यो देश अझै मुक्त हुन सकेको छैन । क्यानडामा उच्च पदस्थ, पूर्वमन्त्री, कर्मचारीहरूलाई पाँच वर्षसम्म कडाइका साथ कुनै विषयमा लबिङ गर्न निषेध गरेको छ । व्यापारिक र औद्योगिक क्षेत्रमा सेवा गर्नका लागि निषेध गर्ने विशेष प्राथमिकता संयुक्त अधिराज्यले गरेको छ । युरोपियन युनियनमा उच्च पदस्थहरूले अवकाश पाएको मितिले १८ महिनासम्म लबिङ गर्न पाउँदैनन् । तर अवकाशपश्चात्को कुलिङ पिरियडलाई सुधारोन्मुख दिशामा अघि बढिराखेको अवस्था यहाँ पाइन्छ । दक्षिण कोरियामा अवकाश प्राप्त गरेपछि तीन वर्षसम्म आफूले काम गरेको सरकारी निकायसँग सम्बन्धित कम्पनीहरूमा काम गर्न पाइँदैन । अस्ट्रेलियामा केन्द्र सरकार र राज्य सरकार दुवै स्तरमा १८ महिनाको अवधि कायम गरिएको छ । भुटानमा राजनीतिक कार्यकर्ताहरूलाई सार्वजनिक जिम्मेवारी दिँदा विशेष गम्भीर भई कार्यान्वयन गरिन्छ ।

राजनीतिक गतिविधिमा संलग्न देखिएकाहरुलाई सार्वजनिक सेवामा प्रवेश गर्न एक वर्ष प्रतीक्षा गर्नुपर्छ । राजनीतिक निष्पक्षतालाई यसले विशेष जोड दिएको छ । भारतमा सरकारी अधिकारी, न्यायाधीश र सैन्य अधिकारीहरूको सन्दर्भमा आकर्षित हुने गरी कानुन निर्माण गरिएको छ । आईएएस, आईएफएस, आईपीएसबाट निवृत्त भएकाहरू सरकारको अनुमतिविना निजी क्षेत्रमा जिम्मेवारी निर्वाह गर्न पाउँदैनन् । यो अवधि एक वर्षसम्म कायम गरिएको छ । न्यायाधीशहरूलाई सेवा निवृत्त हुनेबित्तिकै महत्वपूर्ण जिम्मेवारीमा पठाउँदा धेरै प्रकारका विवादहरु सिर्जना भएका छन् । राजनीतिज्ञहरूका लागि यो व्यवस्था हालसम्म गरिएको छैन । विशेष गरी निजामती सेवामा बढी प्रभावकारी देखिएको छ ।

कुलिङ अफ पिरियडले तीनवटा कुरालाई समेट्न खोजेको देखिन्छ । पहिलो हो, यसले स्वार्थको संघर्षलाई निस्तेज बनाउँछ । दोस्रो हो, सार्वजनिक काम कारबाहीमा अनावश्यक राजनीति र दबाबलाई नियन्त्रण गर्दछ । तेस्रो हो, रिभल्भिङ डोर अथवा सार्वजनिक क्षेत्रबाट निजी क्षेत्रको जिम्मेवारीमा जाने र निजी क्षेत्रका व्यक्तिहरु सार्वजनिक क्षेत्रमा जिम्मेवारीमा आउने प्रवृत्तिलाई पनि नियन्त्रण गर्दछ ।

हाम्रो सन्दर्भमा यतिखेर राज्य व्यवस्था समितिबाट पारित भएका र सिफारिस गरिएका प्रावधानहरु अपूर्ण देखिन्छन् । यसले निजी क्षेत्रलाई जुन प्रकारले प्राथमिकता दिनुपर्ने हो, त्यसलाई स्पष्ट गर्न सकेको छैन । निजामती कर्मचारीहरुले अवकाश प्राप्त गरेपछि दुई वर्षसम्म कुलिङ अफ पिरियडमा बस्नुपर्ने व्यवस्था छ । यो सन्दर्भलाई सम्बोधन भएको देखिएन । राजनीतिमा सक्रियता दिएकाहरुले केही समय सार्वजनिक जिम्मेवारीमा आउन नपाउने व्यवस्था गर्न सकिन्छ ।

यसबाट राजनीतिक निष्पक्षताको प्रत्याभूति हुन्छ । नेपालको सन्दर्भमा यो अत्यन्त महत्वपूर्ण भइराखेको छ । निजी क्षेत्रकाहरुलाई सार्वजनिक जिम्मेवारी दिइने प्रवृत्तिलाई प्रोत्साहित गरिएको छ । स्वार्थको संघर्ष स्पष्ट देखिने जिम्मेवारीमा खोजी-खोजी पठाउने गरिएको छ । यसले सबै प्रकारका विकृति र विसंगति आमन्त्रण गर्दछ । नेपालमा विशेष गरी उच्च पदस्थहरूलाई कुलिङ अफ पिरियड अत्यावश्यक भएको छ । निजामती सेवाका सर्वोच्च पदाधिकारीहरूले राष्ट्र र जनतालाई घाटा पुऱ्याएका घटनाहरू खोजी पस्दा प्रशस्त पाइन्छन् । यो गुण लगाएबापत उनीहरु अवकाश हुनेबित्तिकै उद्योगपतिहरु व्यापारीहरूको कम्पनीमा काम गर्न पुग्छन् । यस प्रकारका विकृतिहरूलाई कुलिङ अफ पिरियडले नियन्त्रण गर्दछ ।

हाम्रा उच्च पदस्थ साथीहरु आफ्नो विज्ञापन आफैं गर्नुहुन्छ । राजनीतिक नेतृत्वहरू सामुन्ने लम्पसार पर्दै आफ्नो बखान गाउनुहुन्छ, गाउन लगाउनुहुन्छ । अवकाश भएपश्चात् राजनीतिक नेतृत्वसँग बिस्तारै टाढिने अवस्था आउँछ । त्यसैले उनीहरूलाई प्रभाव पार्न असहज हुन्छ । जिम्मेवारीमा रहन पाइँदैन । यसबाट उनीहरु त्रसित भएको अवस्था हो । जो आफैं योग्य छन्, उनीहरू स्वाभिमानी छन्, गणेशजीको भूमिकामा रहँदैनन् । आफ्नो विज्ञापन गर्दैनन् । यस्ता योग्य, क्षमतावान् र इमानदार राष्ट्रसेवकहरूको खोजी राष्ट्रले गर्दैन । हो, समस्या यहीँ छ । कुलिङ पिरियड राख्दा राष्ट्रलाई फाइदा हुन्छ तर केही उच्च पदस्थ स्वार्थलोलुप अधिकारीहरूलाई फाइदा पुग्दैन । त्यसैले यो छटपटाहट भएको हो । यसमा कुनै सन्देह छैन । तर संगठितरुपमा उनीहरुले दिन थालेको दबाबको सामना गर्न नसक्ने प्रकारले नेपालको स्थायी संयन्त्रलाई सरकारले नै स्थापित गरिदिएको छ । यही त्रुटिका कारण सरकार उनीहरूको जे-जस्ता मागहरु पनि सम्बोधन गर्न क्रियाशीलता देखाउँछ । परिणामस्वरूप देशमा धेरै किसिमका विकृति र विसंगतिहरु मौलाएका छन् । यसलाई कानुन निर्माताहरूले नजरअन्दाज गर्न मिल्दैन ।

**निष्कर्ष :**

सार्वजनिक पदाधिकारीहरु सबैलाई समेट्ने प्रकारले यो प्रावधान अन्य सम्बन्धित ऐनहरूमा पनि राख्नु जरुरी हुन्छ । यसको प्रतिबद्धता सरकार र संसद्ले गर्नुपर्दछ । राजनीतिक क्षेत्रलाई यसले सम्बोधन गर्नुपर्दछ । भुटानबाट राजनीतिक क्षेत्रलाई गरिने सुधारका बारेमा नेपालले पाठ सिक्नुपर्ने अवस्था छ । सबैभन्दा समस्याको जड नै राजनीति देखिएको छ । यसलाई समयसापेक्ष सुधार गर्न रिभलिभङ डोरको अवस्थालाई पूर्णरुपमा निषेध गर्न सक्नुपर्छ ।

स्वार्थ प्रभावित हुने निकायहरूमा जो-कोहीलाई पनि सार्वजनिक जिम्मेवारीमा राख्न नहुने गरी सरकार र सम्बन्धित पक्षहरु गम्भीर हुनु जरुरी छ । यसको प्रभावकारिता त्यतिखेर सम्भव हुन्छ, जब कुनै पनि पदाधिकारीलाई जिम्मेवारी दिँदा स्वार्थको संघर्षको अवस्था सिर्जना नहुने परिस्थितिको प्रत्याभूति गर्नु जरुरी हुन्छ । स्वार्थको संघर्षलाई नियन्त्रण गर्ने प्रभावकारी कानुन हालसम्म देशले पाएको छैन । शीघ्र उक्त कानुन आउनु जरुरी छ । न्याय क्षेत्र, कूटनीतिक क्षेत्र, निजी क्षेत्र सबैलाई कुलिङ अफ पिरियडले पूर्णरुपमा समेट्ने व्यवस्था हुनुपर्दछ ।

जहाँसम्म कुलिङ अफ पिरियडको बारेमा प्रतिनिधिसभाले पारित गरेको विधेयकको सन्दर्भ छ, अब यसको कुनै अर्थ रहँदैन । किनकि यसले कूटनीतिक क्षेत्र, संवैधानिक निकायहरूमा र नेपाल सरकारले नियुक्ति गर्ने पदहरूमा नियुक्ति गर्न पाउने गरी विधेयक पारित गरिसकेको छ । सरकारले नियुक्ति गरिएका पदहरूमा बाहेक अन्यमा दुई वर्षसम्म नियुक्ति गर्न नपाइने व्यवस्था छ । यसको अर्थ सरकारलाई कुलिङ अफ पिरियडको आशय र मर्म विपरीत निर्णय गर्ने अधिकार दिएको अवस्था छ । यसले हाम्रा राजनीतिज्ञहरू सहजै कुलिङ पिरियडको अवज्ञा गर्दै सार्वजनिक पदहरूमा नियुक्ति गर्न अभ्यस्त हुनेछन् । राजनीतिज्ञहरू आफैं खोजी-खोजी स्वार्थको संघर्ष हुने निकायमा जिम्मेवारीमा पुग्ने र सोही अनुरुप प्राप्त अधिकारको दुरुपयोग गर्ने कार्यमा अभ्यस्त छन् ।

यस्ता राजनीतिक पदाधिकारीबाट यो प्रावधानको उपयुक्त प्रयोग हाम्रो सन्दर्भमा हुन सक्दैन । सभामुखले कार्यपालिका र व्यवस्थापिकाका बीच असमझदारी हुने गरी काम गर्नु उपयुक्त हुँदैन भन्नुभएछ । गल्ती सुधारका लागि तदारुकता देखाउनु भएनछ, शीघ्र पारित विधेयक राष्ट्रिय सभामा पठाउनुभएछ । प्रधानमन्त्रीको मतअनुसार नै यो जालझेल हुन पुगेको स्पष्ट छ । यतिखेर जे-जस्ता विश्लेषण गरिए पनि प्रधानमन्त्रीको इच्छा विपरीत एमाले यो गल्तीलाई सच्याउन अग्रसर हुनेछैन । नेपाली कांग्रेसले पनि अन्त्यमा प्रतिनिधि सभाको निर्णयलाई नै स्वीकार गर्नेतर्फ निर्णय लिन सक्छ । सूचना प्राप्त भएअनुसार यसरी गल्ती गर्नेलाई छानबिन गरी कारबाही गर्ने कार्यका लागि सभामुखले इच्छा देखाउनुभएको छैन । तसर्थ कुलिङ अफ पिरियडको व्यवस्था यस अधिवेशनले नगर्ने निश्चित छ ।

गम्भीर प्रश्न अर्को पनि उठेको छ । राज्य व्यवस्था समितिले सर्वसम्मतिले पास गरेको प्रावधान विपरीतको प्रतिवेदन प्रतिनिधिसभामा पेस भएको छ । प्रतिनिधिसभाले पारित गरिसकेको छ । सांसदहरूको अधिकारको हनन हुन पुगेको छ । यसको जवाफदेहिता राज्य व्यवस्था समितिका सभापतिले लिनुपर्छ । कर्मचारीहरूलाई आक्षेप लगाएर कानुन निर्माताहरू आफ्नो जवाफदेहिताबाट पन्छिन मिल्दैन । हाम्रा कानुन निर्माताहरू बिलको अध्ययन नै नगरी पक्ष र विपक्षमा उभिँदा रहेछन् भन्ने प्रमाण यो विधेयक भएको छ । यसले समग्र संसद्को गरिमामा प्रश्नचिह्न खडा गरेको छ ।

अब यसलाई प्रतिपक्षी दलहरुले मसला बनाउनेछन् । सभापतिको राजीनामाको माग हुनेछ । यसलाई सुधार गर्ने दुईवटा उपाय मात्रै हालको अवस्थामा देखिन्छ । पहिलो हो, प्रतिनिधिसभाले नै यसलाई सुधार गर्ने गरी प्रक्रिया अगाडि बढाउनुपर्दछ । त्योभन्दा पनि उत्तम उपाय भनेको राष्ट्रिय सभाले यो विधेयकलाई पुन: प्रतिनिधिसभामा संशोधनसहित फिर्ता गरिदिनुपर्दछ । तत्पश्चात् प्रतिनिधिसभालाई सुधार गर्न मार्गप्रशस्त हुन्छ । तर समस्या यहाँनिर छ, किनकि सत्तासीन दलका ठूला दुई नेताहरु हालैको प्रतिनिधि सभाको निर्णयको पक्षमा देखिएको आभास मिलेको छ ।

यो सबै काम भनेको नाटक मञ्चन मात्र हो । यसको देखिएका र सतहमा आएका कलाकार राज्य व्यवस्था समितिका सभापति हुन सक्छन् । सामान्य प्रशासनमन्त्रीको अनुहार अगाडि आउन सक्छ । तर प्रभावशाली उच्चस्तरका कर्मचारीहरूको प्रभावमा राजनेताहरू परेका हुन् । यसमा कुनै सन्देह छैन । तसर्थ यो प्रतिनिधिसभाले जसरी पास गरेको छ सोही अनुसार प्रमाणित हुने सम्भावना प्रबल छ । यो अवस्थामा कुलिङ अफ पिरियडको स्टन्टबाजी राजनीतिज्ञहरूले नगर्दा हुन्छ । यही मुद्दाले सदन ततायो भने यो विधेयक अहिलेको अधिवेशनबाट पारित नहुन सक्छ । यस अर्थमा सार्वजनिक सेवामा देखिएको विकृति र विसंगति हटाउने राम्रो प्रावधान ऐनमा आउन लागेको थियो । यो निस्तेज हुने सम्भावना प्रबल देखिएको छ ।

*(साभार: न्यूज अफ नेपाल)*

***के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?***

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# अभिषेकलाई लिएर हिन्दीमा '९६' बनाउन चाहन्थे निर्देशक कुमार



काठमाडौं/तमिलको एउटा उम्दा फिल्म मानिन्छ, '९६' । सन् २०१८ मा रिलिज भएको यो फिल्मले त्यसबेला २० बढी अवार्ड जितेको थियो । यो इन्टरनेट मुभी डेटा बेस (आईएमडीबी)मा उच्च रेटिङ पाउने तमिल फिल्म समेत हो । १० मा ८.५ रेटिङ पाएको फिल्ममा दुई दशकपछि भेटिएका राम र जानु पात्रको सम्बन्धलाई सुन्दर तरिकाले देखाइएको छ । यस फिल्मका निर्देशक सी. प्रेम कुमार हुन् ।


सुरुमा '९६'लाई तमिल भाषामा बनाउने निर्देशक कुमारको कुनै योजना थिएन । उनी यो फिल्म हिन्दी भाषामा बनाउन चाहन्थे । कथा पनि हिन्दीमै लेखिएको थियो । फिल्ममा अभिषेक बच्चनलाई मुख्य भूमिका लिने उनको योजना थियो । तर, बलिउडसम्म आफ्नो पहुँच नहुँदा उनले अभिनेता विजय सेतुपतिलाई लिएर तमिल भाषामा फिल्म बनाए, जुन बक्स अफिसमा ब्लकबस्टर भयो ।

'९६'लाई हिन्दीमा बनाउने सपना पूरा नभए पनि अब निर्देशक कुमार हिन्दी भाषामा नयाँ फिल्म बनाउने तयारीमा जुटेका छन् । भन्छन्, 'म अहिले नयाँ फिल्मको स्क्रिप्टमा काम गरिरहेको छु, त्यो हिन्दी भाषामा बन्नेछ ।' यसपटक उनी ठूला स्टारलाई फिल्म अप्रोच गर्ने योजनामा छन् । उनलाई आफ्नो अघिल्लो सुपरहिट फिल्म 'मेय्याझगन'लाई पनि हिन्दी भाषामा बनाउने ठूलो इच्छा छ ।

उनी हिन्दी फिल्मप्रति आफ्नो रुचि हुनुको कारण दर्शकको विविधतालाई मान्छन् । बलिउडको सबैभन्दा ठूलो शक्ति नै यसको अडियन्स रहेको उनको भनाइ छ । भन्छन्, 'यदि तपाईं तमिल फिल्म बनाउनुहुन्छ भने त्यो तमिलनाडुमा सीमित हुन्छ । तर, हिन्दी फिल्म धेरै राज्यमा पुग्छ । स्क्रिप्टको लोकेसन बदलिने वितिक्कै त्यसको रंग-रुप पनि बदलिन्छ । यो हिन्दी फिल्मको विशेषता हो ।'

# रुपेशको 'एक्का तीन'मा एक्सन अवतारमा देखिँदै पूजा

काठमाडौं/'दान्भी' निर्देशक रुपेश तामाङले अभिनेत्री पूजा शर्मालाई मुख्य भूमिकामा लिएर निर्माण गर्न लागेको फिल्मको नाम तय भएको छ । शुक्रबार थिम पोस्टर सार्वजनिक गर्दै 'एक्का तीन' शीर्षकमा फिल्म बन्ने जानकारी गराइएको हो । रुपेशले पूजालाई दुई महिनाअघि उनको जन्मदिनको दिन फिल्ममा अनुबन्धित गरेका थिए । पोस्टर हेर्दा फिल्म एक्सन जनरामा बन्ने देखिन्छ ।




आर्टिफिसियल इन्टेलिजेन्स (एआइ)बाट बनाइएको थिम पोस्टरमा एक महिलासहित दुई पुरुष पात्र प्रस्तुत छन् । तर, उनीहरुको अनुहार देखाइएको छैन । उनीहरुको पृष्ठभूमिमा ठूलो विष्फोट भएको देखिन्छ । आकाशमा हेलिकोप्टर उडिरहेको छ । बदलाको कथामा आधारित भएर फिल्म बन्न लागेको हुनसक्ने पोस्टरबाट अनुमान लगाउन सकिन्छ ।

सन् २०२६ अर्थात् अर्को वर्ष रिलिज लक्ष्य राखिएको 'एक्का तीन'मा पूजाबाहेक अरु कलाकार तय भएका छैनन् । पोस्टर अनुसार फिल्ममा तीन पात्र मुख्य भूमिकामा हुनेछन् । यसमा पूजा 'दान्भी'मा झैं एक्सन अवतारमा देखिनेछिन् । सुमन गजमेरको लेखन रहेको यो फिल्मको दोस्रो श्रृंखला पनि निर्माण गर्ने योजनामा निर्माण पक्ष रहेको छ ।

यसपटक फिल्ममा कथासहित एक्सन र सस्पेन्स बलियो हुने निर्देशक रुपेशको भनाइ छ । आफूले यसअघिका फिल्ममा गरेका कमी-कमजोरीलाई सच्च्याएर यो फिल्म उत्कृष्ट बनाउने उनको अठोट छ । जुना फिल्म्सको ब्यानरमा बन्न लागेको फिल्मको छायांकन आगामी तिहारपछि सुरु हुने जनाइएको छ । हाल फिल्मको प्रि-प्रोडक्सनको काम चलिरहेको छ ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

# 'मकवानपुर कोरा २०२५' सम्पन्न, ६ जना सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, २८ असार/ धार्मिक साइकलिङ यात्रा 'मकवानपुर कोरा २०२५' शनिबार हेटौंडामा बिभिन्न कार्यक्रमसहित सम्पन्न भएको छ ।

हिमालयन राइडर्स सोसाइटीको आयोजना भएको कोरा साइकलिङ हेटौंडा-४ भुटनदेवी माविबाट बिहान ७ बजेदेखि सुरु भएको हो । त्यसपछि शीतलमहल चोक, हुप्राचौर हुँदै पशुपति मन्दिर, ओम्याक्स हल हुँदै थाहाचोक, र जतजयन्ती स्तम्भ हुँदै बुद्धचोक, कान्तिराजपथ हुँदै चौघडा पुगेको थियो । चौघडामा मगर समाजले साइकलयात्रीलाई मोही खाने कार्यक्रम आयोजना गरेको थियो । साइकल यात्राले चुच्चेखोला, गैरीगाउँ, शिवम् सिमेन्ट, हटिया, चिसापानी हुँदै रंगशालालाई दायाँबायाँ पारेर नागसोती, कमाने, नमूनाचोक हुँदै शान्तिनगर, भैरवरोड, कान्तिराजपथ, बुद्धचोक, चौकीटोल हुँदै हिमालयन दरबार होटल पुगेको हो ।



कार्यक्रममा सोसाइटीले वातावरण जोगाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै ६ जनालाई सम्मान गरेको थियो । २४ वर्षदेखि निरन्तर दैनिक कामकाजको निम्ति साइकल सवार हेटौंडाका पत्रकार गोबिन्द न्यौपाने, ३० वर्षदेखि निरन्तर साइकल सवार हेटौंडा-६ रामनगर निवासी स्कुल अफ मेनेजमेन्टमा कार्यरत आइतमान मुक्तान, सिटि कलेज हेटौंडामा कार्यरत १४ वर्षदेखि साइकल सवार हेटौंडा-६, निवासी रामप्रसाद पोखेललाई सम्मान गरेको छ ।

त्यसैगरी सिटि कलेजका सिक्षक सिन्धुपालचोक चौतारा निवासी निरन्तर साइकल सवार लक्ष्मण तामाङ, रिलायनस सेकेन्डरी बोर्डिङ स्कुलमा अध्यापनरत हेटौंडा-५, पिप्ले निवासी दीक्षान्त सुवेदी र १४ वर्षदेखि साइकल सवार हेटौंडा-४, निवासी मकवानपुर क्याम्पसका प्राध्यापक जयराम गौतमलाई सम्मान गरेको हो ।

हेटौंडा उपमहानगरपालिका वडा नं. ४ का वडाअध्यक्ष नविन सिग्देलको प्रमुख आतिथ्यता एवम् साइकल संस्कृति समुदाय नेपालका अध्यक्ष डा.तारालाल श्रेष्ठको विशेष आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो । कोरा साइकलिङमा बाराको निजगढ, सिमरा र रौतहटबाट दुईसय भन्दा बढी साइकलयात्री सहभागी भएका थिए ।

# ८ लाख ३६ हजारसहित २२ जुवाडे पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २८ असार/ मकवानपुरको बकैया गाउँपालिका-५ राजदमारस्थित मिलन थिङको घरमा जुवा खेलिरहेका २२ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

शनिबार राति १ बजेतिर बकैया गाउँपालिका-५ राजदमार स्थित मिलन थिङको घरमा जुवा खेलिरहेको सूचना पाएपछि इलाका प्रहरी कार्यालय फापरबारी र प्रहरीचौकी हात्तिसुँडेबाट खटिएको २१ जनाको टोलीले छापा मारी उनीहरुलाई नियन्त्रणमा लिएको हो । प्रहरीले घटनास्थलबाट ३ सेट कौडा र नगद ८ लाख ३६ हजार ४० रुपैयाँ बरामद गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

पक्राउ पर्नेहरुमा मकवानपुर, सिन्धुली, रौतहटलगायत विभिन्न जिल्लाका व्यक्ति छन् । पक्राउ परेका व्यक्तिहरुमा बकैया-५ राजदमारका ४६ वर्षीय मिलन थिङ, हेटौंडा-१८ का ४५ वर्षीय कमल थापा, सिन्धुली दुधौली-२ का ३७ वर्षीय कैलाश धामी, हेटौंडा-८ कमानेका ५३ वर्षीय फडिन्द्रप्रसाद घिमिरे र हेटौंडा-१६ हटियाका ४६ वर्षीय रमेश महत रहेका छन् ।

यसैगरी बागमती-६ का शेरबहादुर राना, दीपक दोङ, रवि चौधरी, रौतहट गौर-९ का ईश्वर चौधरी, हेटौंडा, बागमती, सिन्धुली र कमलामाई क्षेत्रका अन्य १७ जना व्यक्ति पनि पक्राउ परेका छन् । प्रहरीले पक्राउ परेकाहरुविरुद्ध आवश्यक कारबाही प्रक्रिया अघि बढाएको जनाएको छ ।

# 'थाहा युवा समूह'को तदर्थ समिति गठन

साझाकुरा संवाददाता

हेटौंडा, २८ असार/ थाहानगरका १२ वटै वडाबाट युवाको उल्लेखनीय सहभागितामा थाहा युवा समूहको १३ सदस्यीय तदर्थ समिति गठन गरिएको छ ।

समितिको अध्यक्षमा अर्जुन बस्नेत चयन भएका छन् भने उपाध्यक्षमा रचना बस्नेत र युवराज जिम्बा, सचिवमा सिम्रन खड्का, राजीव विक्रम खड्का (डेनी), कोषाध्यक्षमा विकास गुरुङ र राजीव महर्जन चयन भएका छन् । १३ सदस्यीय समिति गठन गरिएको हो । भेलामा थाहामा पछिल्लो समय देखिएका विकृति, विसंगति, सामाजिक बेथिति र विकास अभावका विषयमा छलफल गरिएको थियो । सहभागीले समूहलाई विधिवत र संस्थागतरुपमा अगाडि बढाउँदै दीर्घकालीन सामाजिक प्रभाव पार्ने कार्ययोजनाको खाका प्रस्तुत गरेका थिए ।

समूहले यस अघिपनि कोभिड-१९ महामारीको कठिन समयमा अत्यावश्यक खाद्यान्न वितरण, स्वास्थ्य सामग्री सहयोग, जनचेतना अभियान तथा संकटमा परेका परिवारलाई सहयोग गरेर सशक्त सामाजिक भूमिका निर्वाह गरेको थियो ।

विभिन्न सामाजिक कार्यहरुमा अग्रणी भूमिका खेलिसकेको स्मरण गराउँदै, अबको यात्रालाई संगठित, उद्देश्यमुखी र प्रभावकारी बनाउने अठोट व्यक्त गरिएको छ । समूहले थाहामा भइरहेका राम्रा र नराम्रा गतिविधिको खबरदारी, जनचेतना, सकारात्मक र सामाजिक उत्तरदायित्व बहन गर्नका लागि यो समूह गठन गरिएको जनाएको छ ।

# मोटरसाइकल दुर्घटनामा एक युवकको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २८ असार/ मकवानपुरको मनहरी गाउँपालिका-८ स्थित पुलचोक बेलुवामा शनिबार भएको मोटरसाइकल दुर्घटनामा एक युवकको मृत्यु भएको छ भने तीनजना घाइते भएका छन् ।

दुर्घटनामा परी घाइते भएका मनहरी गाउँपालिका-७ बिजौनाका २४ वर्षीय विशाल चेपाङको उपचारका क्रममा भरतपुर अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । दुर्घटनामा घाइते भएका तीन जना युवकको मनहरी अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता श्यामु अर्याललले जानकारी दिए ।

पूर्वपश्चिम राजमार्गमा मनहरीबाट हेटौंडातर्फ गइरहेको ना ३७ प ७६९० नम्बरको मोटरसाइकल र सोही दिशाबाट गइरहेको प्रदेश ३-०३-००१ प ४४३४ नम्बरको अर्को मोटरसाइकल एक आपसमा ठोक्किँदा दुर्घटना भएको हो । दुर्घटनामा ना ३७ प ७६९० नम्बरको मोटरसाइकल चालक राक्सिराङ-३ केराबारीका १८ वर्षीय दीपक दोङ, पछाडि सवार २४ वर्षीय पिटर तामाङ तथा प्रदेश ३-०३-००१ प ४४३४ नम्बरको मोटरसाइकल चालक मनहरी-६ बिजौनाका २४ वर्षीय निरज राना घाइते भएका छन् ।

# बागमतीमा ९२ प्रतिशत जनसंख्या खानेपानी पहुँचमा

साझाकुरा संवाददाता

हेटौंडा, २८ असार/ बागमती प्रदेशका ९२ प्रतिशत जनसंख्या खानेपानी सेवाको पहूँचमा रहेका छन् । खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयअन्तर्गतका १० वटा खानेपानी डिभिजन कार्यालयमार्फत् योजनाबद्धरुपमा खानेपानी पूर्वाधार विकासको काम भइरहेको छ ।

खानेपानी तथा सरसफाई डिभिजन नम्बर १ कार्यालय मकवानपुरका अनुसार चालु आर्थिक वर्षमा मकवानपुरमा २ सय ८५ र चितवनमा १ सय ३ खानेपानी योजना सञ्चालनमा रहेका छन् । कुल ३ सय ८८ योजनामध्ये ४० वटा संघीय सरकारबाट हस्तान्तरण भएका हुन् भने बाँकी प्रदेश सरकारका योजना कार्यालयले कार्यान्वयन गरिरहेको डिभिजन प्रमुख रविन श्रेष्ठले जानकारी दिए । उनका अनुसार मकवानपुरका ९५ प्रतिशत र चितवनका ९२ प्रतिशत नागरिक आधारभूत खानेपानी सेवाबाट लाभान्वित भएका छन् ।

चालु आर्थिक वर्षमा चितवन र मकवानपुरका थप ४ हजार नौ सय ७२ घरधुरीका २५ हजार ४ सय ३ जना नागरिकले आधारभूत खानेपानी सेवाबाट लाभ उठाएका छन् । डिभिजन कार्यालयले यो अवधिमा ७ लाख ७७ हजार रुपैंयाँ राजस्व संकलन गरेको छ । दिगो विकास लक्ष्य र आवधिक योजना अनुसार सन् २०३० भित्र शतप्रतिशत जनतामा सुरक्षित खानेपानी सेवा पुर्‍याउने लक्ष्य राखिएको छ ।

आगामी आर्थिक वर्षमा मन्त्रालयले ४ हजारभन्दा बढी योजना कार्यान्वयन गर्ने लक्ष्य लिएको खानेपानी, उर्जा तथा सिंचाईमन्त्री श्यामबहादुर खड्काले बताए । एकघर, एकधारा कार्यक्रम, सिँचाइ र ऊर्जा समेतलाई प्राथमिकतामा राखेर बजेट विनियोजन गरिएको छ । खानेपानी ऐनमार्फत् स्वच्छ र सुरक्षित खानेपानी सेवा पुर्‍याउने उद्देश्यसहित मन्त्रालय अघि बढिरहेको छ ।

# हेटौंडा र भक्तपुर अस्पताललाई टेलिमेडिसिन हब बनाउने: मन्त्री थापा



साझाकुरा संवाददाता

हेटौंडा, २८ असार/ बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापामगरले हेटौंडा अस्पताल र भक्तपुर अस्पताललाई प्रदेश सरकारले टेलिमेडिसिन हब बनाउने तयारी गरिरहेको बताएका छन् ।

भक्तपुरलाई पूर्णखोप सुनिश्चित जिल्ला घोषणा गर्दै मन्त्री थापाले भक्तपुर र हेटौंडा अस्पताललाई टेलिमेडिसिन हब बनाएर २४ सै घण्टा सेवा सञ्चालन गर्ने गरी प्रदेश स्वास्थ्य मन्त्रालयले व्यवस्था गरेको बताए । प्रदेशस्तरीय अस्पतालको स्तरोन्नति, जनशक्ति थप र उपकरणहरुको वितरणलाई मन्त्रालयले प्रभावकारीरुपमा अगाडि बनाएको उनको भनाई छ । योग सिकाउने प्रशिक्षकले पनि अब प्रदेशको तालिम लिएर प्रमाण लिएपछि मात्रै गुरु बन्न पाउने व्यवस्था गरेको बताउँदै मन्त्री थापाले भौतिक पूर्वाधार मन्त्रालय, खानेपानी मन्त्रालय, वन मन्त्रालय, कृषिलगायत मन्त्रालयको कार्यक्रममा पनि स्वास्थ्यलाई जोडेर लैजाने बताए ।

प्रदेश सरकारले पनि एमडी र एमबिबिएसको पढाइ सुरु गरेको बताउँदै उनले भक्तपुर अस्पताललगायत प्रदेश अस्पताल भवन, अधुरो स्वास्थ्यचौकीका भवनलाई पूर्णता दिनगरी बजेटको व्यवस्थापन गरेको बताए । त्यसैगरी उनले नसर्ने रोगको पहिचानको लागि घरदैलौमै स्वास्थ्यकर्मी सहितको स्वयसेविकाको टाली परिचालन गरिने बताएका छन् ।

मन्त्री थापाले मुख्यमन्त्री स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाउन घरदैलोमै अब नसर्ने रोगको पहिचानका लागि स्वास्थ्यकर्मीसहितको स्वयंसेविकाको टोली परिचालन गरिन लागेको बताए ।

'मुख्यमन्त्री स्वास्थ्य कार्यक्रम सोचेअनुसार प्रभावकारी हुन सकेन, त्यसैले नसर्ने रोगको निवारणका लागि रोग पहिचान गर्ने उद्देश्यले स्वास्थ्यकर्मीसहित स्वयंसेवक परिचालन गरेर घरदैलोमै पुगेर स्वास्थ्यपरीक्षण गर्नेछौं' मन्त्री थापाले भने, 'त्यसबापत स्वयंसेविकालाई पारिश्रमिकको व्यवस्था र एक हजार सञ्चारखर्चको व्यवस्था गरेका छौं ।' कार्यक्रममा बागमती प्रदेश स्वास्थ्य मन्त्रालयका सचिव डा.सुमित्रा गौतमले खोप सुनिश्चिततालाई दिगोपन बनाउन चुनौती रहेको बताउँदै कोही पनि खोपबाट छुट्न नहुने बताइन् ।

खोप प्रभावकारी हुँदा बालमृत्युदर हरेक वर्ष कम हुँदै गएको बताउँदै उनले नियमित खोप कार्यक्रमको प्रभावकारीले ८० प्रतिशत बालमृत्युदर घटेको बताइन् । बागमती प्रदेशसभा सदस्य सुरेश श्रेष्ठ, धनेश्वरी प्रजापति, प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, खोप महाशाखा प्रमुख डा. अभियान गौतमलगायतले खोप कार्यक्रमलाई आगामी दिनमा पनि प्रभावकारी बनाएर लैजानुपर्ने बताए ।

सूर्यविनायकमा खोप जिल्ला समन्वय समितिले आयोजना गरेको घोषणा कार्यक्रममा मन्त्री थापाले भक्तपुर जिल्लालाई पूर्णखोप सूनिश्चितता तथा दिगोपनाको प्रमाणपत्र हस्तान्तरण गरे । यसअघि जिल्लाको चारवटै स्थानीय तह पूर्णखोप सूनिश्चित घोषणा गरिएको थियो । त्यस अवसरमा चारवटा नगरपालिका र खोप सुनिश्चित घोषणामा सहयोग पुर्‍याउने निकायलाई सम्मान गर्नुका साथै महिला स्वयंसेविकालाई मन्त्री थापाले सम्मान गरेका थिए ।










साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना